. . . . . . . . . . . . . . . . . . . . . . . . . सहकारी संस्था लि.

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

# शेयर सदस्यता सम्बन्धी नियमावली, २०......

## नमूना


प्रकाशक

बेथानचोक गाउँपालिका

बागमती प्रदेश, काभ्रेपलाञ्चोक

नेपाल

# ........................ सहकारी संस्था लि. ....

## शेयर सदस्यता सम्बन्धी नियमावली, २०......

........................ सहकारी संस्था लि........को विनियम ..... बमोजिम अधिकार प्रयोग गरी सञ्चालक समितिले रुपनी गाउँकार्यपालिकाको कार्यालयको स्वीकृति लिई देहायको शेयर सदस्यता सम्बन्धी नियमावली, २०७६ लागू गरेको छ।

### १. नाम र प्रारम्भ :

१.१ यस नियामावलीको नाम :-........................ सहकारी संस्था लि. ...................का शेयर सदस्यता सम्बन्धी नियमावली,२०........" रहनेछ ।

१.२ यो नियामावली संस्था दर्ता भएको मिति देखि लागु हुनेछ ।

### २. अधिकार :

२.१ यो नियमावली संस्थाको विनियम तथा प्रचलित सहकारी ऐन, नियम अनुसार संशोधन गर्ने अधिकार सञ्चालक समितिको हुनेछ । तर साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२.२ यो नियमावली सहकारी ऐन, नियम तथा प्रचलित ऐन, नियम र संस्थाको विनियमसँग बाझिएको हदसम्म स्वतःअमान्य हुनेछ ।

### ३. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

३.१ "सदस्य" भन्नाले यस विनियम बमोजिम प्रवेश शुल्क तिरी कम्तीमा एक थान शेयर खरिद गरी सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनुपर्दछ ।

३.२ "संस्था" भन्नाले ............बचत तथा ऋण सहकारी संस्था लि. .................लाई सम्झनुपर्छ ।

३.३ "सञ्चालक" भन्नाले यस विनियम बमोजिम निर्वाचित संस्थाका संचालकलाई सम्झनुपर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सञ्चालक सदस्य समेतलाई जनाउने छ ।

३.४ "लेखा सुपरिवेक्षण समिति" भन्नाले लेखा सुपरिवेक्षण समितिका सबै पदाधिकारीहरुलाई सम्झनुपर्छ।

३.५ "उपसमिति" भन्नाले यस विनियम बमोजिम कुनै निश्चित कार्य तथा अवधि तोकि गठन गरिएको उपसमितिलाई सम्झनुपर्छ ।

३.६ "शेयर" भन्नाले संस्थाको शेयर पूँजीको विभाजित अंशलाई जनाउँछ।

३.७ "शेयर प्रमाण पत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई सो वापत संस्थाबाट दिएको प्रमाण–पत्र/निस्सालाई सम्झनु पर्दछ ।

३.८ "बचत" भन्नाले सदस्यहरुबाट संस्थामा निक्षेपको रुपमा जम्मा गरिएको रकमलाई सम्झनुपर्छ।

३.९ "ऋण" भन्नाले सदस्यले संस्थाको विनियमको अधिनमा रही शेयर लगानी, बचत जम्मा रकम र धितो वा सामुहिक जमानीमा एकमुष्ठ वा किस्ताबन्दीको रुपमा बुझाउने गरी निश्चित अवधि र उद्देश्य प्राप्तिका लागि लिएको रकमलाई बुझाउँदछ । यस शब्दले अन्य संघ–संस्थाबाट भविष्यमा फिर्ता बुझाउने गरी प्राप्त गरेको ऋण रकमलाई समेत बुझाउँछ ।

## ४. उद्देश्य :

४.१ संस्थामा सदस्य बन्न चाहने व्यक्तिहरुको निमित्त न्यूनतम नियमहरु पूरा गर्न ।

४.२ सदस्यको अधिकार र कर्तव्य किटान गर्न ।

४.३ सदस्यहरुको ज्ञान, क्षमता, दक्षता तथा आय अभिबृद्धि गर्न ।

४.४ संस्थाका आवश्यक नीति, नियम तथा आधारभूत सूचनाहरु प्रदान गर्न ।

४.५ संस्थाको सदस्यलाई नियमित बचत गर्ने अभिबृद्धि गर्न ।

## ५. सदस्यताका लागि योग्यता :

५.१ संस्थाको कार्यक्षेत्र भित्र स्थायी वसोवास गरिरहेको ।

५.२ संस्थाको सदस्यता लिनको लागि नियमानुसार शेयर, बचत तथा अन्य शुल्क बुझाउन तयार रहेको।

५.३ संस्थाको विनियम र नीति नियम पालन गर्न प्रतिबद्ध रहेको ।

५.४ प्रचलित सहकारी ऐन, नियम अनुसार कारबाहीमा परी कसुरदार नठहरेको ।

५.५ संस्थाबाट राजीनामा दिई स्वीकृत भएको वा कारबाही गरी निष्काशनमा परेको मितिले १ वर्ष पुरा गरेको ।

५.६ सहकारी सिद्धान्त प्रति पूर्ण प्रतिबद्ध रहेको ।

५.७ संस्थामा नियमित बचत जम्मा गर्ने र संस्थाको काम प्रति विश्वास भएको ।

## ६. सदस्यता प्राप्त गर्ने विधि :

६.१ संस्थाले सहकारी सिद्धान्त तथा ऐन, नियम, विनियम र संस्था सञ्चालन नीति अनुसार सदस्यताका लागि आह्वान गर्नेछ ।

६.२ सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले निम्न लिखित प्रमाण–पत्रहरुको रीत पुयाई आवेदन दिनु पर्नेछ ।

६.२.१ नेपाली नागरिकताको प्रमाण पत्र,

६.२.२ बसाईसराईको प्रमाण–पत्र वा,

६.२.३ विवाह दर्ताको प्रमाण–पत्र वा,

६.२.४ मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा मतदाता परिचय पत्र वा,

६.२.५ सम्बन्धित क्षेत्र भित्र नेपाल सरकार वा संगठित संस्थामा स्थायी नियुक्ति भई काम गरिरहेको भएसोको प्रमाण वा,

६.२.६ सम्बन्धित आवेदकको वा निजको एकाघर सगोलका परिवारको सदस्यको नाममा भएको घर, जग्गाधनी पूर्जाको प्रतिलिपि।

६.२.७ स्थायी व्यवसाय सञ्चालन गरि रहेको भए त्यसको प्रमाणित प्रतिलिपि ।

६.३ शेयर सदस्यहरुको नाम, थर, ठेगाना, उमेर तथा शैक्षिक योग्यता खुलेको विवरण ।

**६.४ प्रतिबद्धता :** संस्थाको नीति, नियम तथा शुल्क, शेयर, बचत बुझाउने प्रतिबद्धता जनाउनु पर्नेछ ।

## ७. सदस्यताको स्वीकृति :

७.१ यस नीतिको दफा ६ को उपदफा ६.२ बमोजिम रित पु¥याई आवेदन दिएपछि संस्थाको सञ्चालक समितिले सदस्यताको स्वीकृति दिनेछ ।

७.२ व्यक्तिले दिएको आवेदनको स्वीकृत गर्ने/नगर्ने अधिकार संस्थामा सुरक्षित रहेनछ ।

७.३ आवेदन स्वीकृति वा अस्वीकृति जे भएको छ संस्थाको बैठकको निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित व्यक्तिलाई जानकारी दिईनेछ।

७.४ सदस्यता स्वीकृतिको जानकारी प्राप्त भएको ३० दिन भित्र सदस्यता नलिएमा सदस्यता स्वतः निष्क्रिय हुनेछ।

७.५ सदस्यता आवेदन पत्र अस्वीकृत भएमा आवेदकले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ। साधारण सभाले गरेको निर्णय अन्तिम निर्णय हुनेछ ।

## ८. सदस्यता प्राप्त :

८.१ सदस्यताको लागि दिईएको आवेदन पत्र स्वीकृत भएपछि प्रवेश शुल्क वापत रु.१००।– र आफुले खरिद गर्नकबुल गरेको शेयर रकम र नियमानुसारको बचत रकम संस्थामा बुझाउनु पर्नेछ ।

८.२ संस्थाले आफ्नो कानूनले तोकेको अन्य शुल्क र रकम पनि बुझाउनु पर्नेछ ।

८.३ उक्त रकम साधारण सभा वा सञ्चालक समितिले तोके बमोजिम थपघट हुन सक्नेछ ।

## ९. सदस्यता मान्य नहुनेः

९.१ सदस्यले शेयर हस्तान्तरण वा सदस्यबाट राजिनामा दिएमा वा विनियममा भएको प्रावधान बमोजिम सदस्यता अमान्य हुनेछ ।

९.२ संस्थाको सदस्यले आफ्नो सम्पूर्ण शेयर हस्तान्तरण वा सदस्य पदबाट राजिनामा दिई सो राजिनामा सञ्चालक समितिले स्वीकृत गरेको मिति देखि लागु हुने गरि त्यस्तो सदस्यको सदस्यता रजिष्टरबाट समेत नाम हटाईने छ ।

९.३ सदस्यहरुलाई संस्थापक सदस्य र साधारण सदस्यको रुपमा नामाकरण गरि कुनै किसिमको भेदभाव गरिने छैन।

## १०. सदस्यता दर्ता किताब :

१०.१ सदस्यताको प्राप्ति पश्चात् सदस्यको विवरण संस्थाको दर्ता किताबमा सदस्यता अभिलेख राखिनेछ।

## ११. सदस्यलाई सेवा तथा सुविधा :

११.१ सदस्यहरुले नियमानुसार संस्थाबाट आर्थिक, सामाजिक विकासका निमित्त बचत तथा ऋण, शिक्षा, तालिम, सेवा परामर्श, राहत सबै सेवा सुविधा उपभोग गर्न पाउनेछन् ।

११.२ संस्थामा सदस्यता प्राप्त गरेको मितिले तिन महिना अघि ऋण सुविधा लिन पाउने छैन ।

११.३ संस्थाको नियमानुसार आर्थिक तथा अन्य सेवाबाट प्राप्त लाभांश शेयर सदस्यले प्राप्त गर्न सक्नेछन् ।

११.४ संस्थाबाट बचतको पासबुक, शेयर प्रमाण–पत्र प्राप्त गर्न सक्नेछन् ।

## १२. सदस्यको कर्तव्य :

१२.१ संस्थाको नीति नियमहरुको पालना गर्नु ।

१२.२ तोकिएको समयमा नियमित बचत तथा ऋणको साँवा ब्याज चुक्ता गर्नु ।

१२.३ संस्थाको आयोजनामा हुने तालिम, गोष्ठी, प्रशिक्षण, भेला आदिमा भाग लिन र सो को प्रतिवेदन संस्थामा बुझाउनु ।

१२.४ संस्थाको समय समयमा हुने भेला, बैठक र सभामा भाग लिन त्यहाँ भएका निर्णयहरुको पालना गर्नु

१२.५ संस्थाको हितलाई प्राथमिकता दिई सदस्य तथा सञ्चालकलाई पूर्ण सहयोग गर्नु ।

१२.६ संस्थाले आर्थिक तथा सामाजिक विषयमा निर्णय गरेमा सहभागी हुन ।

१२.७ संस्थालाई मौखिक तथा लिखित सल्लाह र सुझाव दिनु ।

१२.८ संस्थागत रुपमा ऋण लिने र दिने कार्यमा जमानत बसी दिनु ।

१२.९ संस्थाका बाँकी बक्यौता असुलीमा सहयोग पुयाउनु ।

१२.१० समुदायमा संस्थाको असल छविको प्रक्षेपण गर्नु ।

१२.११ संस्थाको विकास र हितमा आफूले देखेका अन्य कर्तव्यहरु निर्वाह गर्नु ।

## १३. शेयर सदस्यको अधिकार :

१३.१ साधारण सभामा भाग लिने ।

१३.२ संस्थाको निर्वाचनमा आफू उम्मेदवार हुन र मतदान गरी सञ्चालकको छनौट गर्ने ।

१३.३ जतिसुकै शेयर कित्ता लिएको भए तापनि एक व्यक्ति एक मतको प्रयोग गर्ने ।

१३.४ संस्थाबाट शेयर लाभांश २०% र ब्याज प्राप्त गर्ने ।

१३.५ संस्थाबाट ऋण लिने र बचत/निक्षेप राखी आर्थिक सुविधा प्राप्त गर्ने ।

१३.६ संस्थाबाट व्यक्तिगत हर हिसाब र अभिलेख प्राप्त गर्ने ।

१३.७ संस्थाको तालिम, गोष्ठी, प्रशिक्षण तथा भेलामा सहभागी हुने ।

१३.८ सञ्चालक वा कर्मचारीबाट संस्थाले उपलब्ध गराउने सेवा सुविधाको जानकारी लिई उपयोग गर्ने ।

१३.९ संस्थाको हानी नोक्सानी हुने भएमा सञ्चालक तथा कर्मचारीलाई लिखित तथा मौखिक सुझाव दिई सजग रहन आग्रह गर्ने ।

१३.१० सदस्यता बृद्धिका लागि सिफारिस गर्ने ।

१३.११ संस्थाको ख्याति बृद्धिका लागि प्रचार प्रसार गर्ने ।

१३.१२ अन्य आवश्यकीय कार्यहरु सम्पादन गर्ने ।

१३.१३ संस्थाबाट प्रदत्त सम्पूर्ण सुविधाहरु सेवा तथा विशेष सुविधा समेतको हकदार भई उपयोग गर्ने ।

## १४. शेयर सदस्यको अनुशासन तथा आचरण :

१४.१ आफूले कबोल गरेको बचत रकम नियमित समयमा बुझाउनु पर्नेछ ।

१४.२ आफूले लगेको ऋणको साँवा ब्याज समयमा नै चुक्ता गरी इमान्दारिता देखाउनु पर्नेछ।

१४.३ समुदायमा संस्थाको छवि असल बनाउन, कुलत झल्काउने काम गर्नु र गराउनु हुँदैन ।

१४.४ संस्थाले खटाएको काम तथा तालिम, प्रशिक्षण गोष्ठी सभा आदिमा सक्रिय सहभागी हुनु पर्नेछ ।

१४.५ संस्थाले मागेको विवरण समयमा नै उपलब्ध गराउनु पर्नेछ।

१४.६ संस्थाले दिएको निर्देशन, सल्लाह, सुझाव इमान्दारिपूर्वक पालन गर्नुपर्नेछ ।

१४.७ समुदायमा आधारित रहेर संस्थाको निरन्तर अग्रगति र प्रगतिका निमित्त कार्यरत रहनुपर्नेछ ।

## १५. सदस्यताबाट निलम्बन :

संस्थाको सञ्चालक समितिको दुई तिहाई बहुमतले तलका कुनै कसुर गरेमा मनासिव कारण देखाई निलम्बन गर्न सकिनेछ ।

१५.१ लगातार १ वर्षसम्म नियमित बचत नबुझाएमा ।

१५.२ सदस्यले संस्थाको सम्पत्ति हिनामिना गरेमा वा हिनामिना गर्न सघाउ पु–याएमा ।

१५.३ संस्थाको नीति, नियम उल्लंघन गरेमा ।

१५.४ संस्थालाई बुझाउने ऋण तथा अन्य रकमहरु बुझाउन आलटाल गरी क्षति पु–याएमा।

## १६. सदस्यताको अन्त्य :

१६.१ सदस्यता लिएको १ वर्षपछि राजिनामा दिई संस्थाबाट स्वीकृत भएमा ।

१६.२ संस्थाको उद्‌देश्य विपरीत कुनै कार्य जानी जानी गरेमा ।

१६.३ सदस्य संस्थाको एकीकरण भएमा, विघटन भएमा वा संस्था बन्द भएमा ।

१६.४ बचत, ऋण तथा अन्य शुल्कहरु निर्धारित मितिमा नबुझाएमा ।

१६.५ संस्थाको हित विपरीत हुने गरी संस्था सञ्चालन गरेमा ।

१६.६ बचत तथा ऋण सिद्‌धान्त सम्बन्धी सिद्‌धान्तहरुको उचित रुपमा पालना नगरेमा ।

१६.७ संस्थाको नीति, नियमहरु बारम्बार उल्लंघन गरी संस्थाको ख्यातिमा आँच आउने किसिमको काम गरेमा ।

१६.८ शेयर हस्तान्तरण वा फिर्ता लिएमा ।

१६.९ संस्थाले कारवाही गरी निष्काशन गरेमा ।

१६.१० तोकिएको योग्यता नरहेमा ।

१६.११ आचारसंहिता उल्लंघन गरी कारवाही भएमा ।

## १७. सदस्यबाट राजीनामा एवं सदस्यताबाट निष्काशन :

१७.१ संस्थामा प्रवेश गरेको मितिले १ वर्षपछि संस्थामा राजीनामा दिन सकिनेछ । संस्थाको सञ्चालक समितिले राजीनामा स्वीकृत गर्नेछ ।

१७.२ सदस्यले आचारसंहिता उल्लंघन गरेमा वा संस्थाको हानी नोक्सानी ख्यातिमा आँच आउने काम गरेमा सञ्चालक समितिले कारवाही गर्नेछ ।

१७.३ सदस्यलाई कारवाही गरी निष्काशन गर्नु अघि लागेको आरोपको स्पष्टीकरण दिने म्याद र प्रमाण पेश गर्न ३०दिनको म्याद दिनेछ ।

१७.४ म्याद समाप्ति पछि सदस्यले आफ्नो उचित स्पष्टीकरण पेश नगरेमा, सञ्चालक समितिको दुई तिहाइको निर्णयले सदस्यता निलम्बन वा खारेज गर्न सक्नेछ ।

१७.५ सञ्चालक समितिको निर्णयमा चित्त नबुझेमा साधारण सभा समक्ष पुनरावेदन गर्न सकिनेछ। साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

## १८. शेयर हस्तान्तरण वा फिर्ता :

१८.१ सदस्यले संस्थाको स्वीकृतिमा शेयरको हक हस्तान्तरण गर्न सक्नेछ । यस्तो हक हस्तान्तरण संस्थाका सदस्यबीच मात्र हुन सक्नेछ ।

१८.२ हक हस्तान्तरण गर्दा लिने र दिने दुवैको जिम्मेवार व्यक्तिको हस्ताक्षर गराउनु पर्नेछ।

१८.३ संस्था विघटन भए वा अन्य कुनै प्रकारको सदस्यताबाट हटेमा शेयर वापतको रकम र अन्य रकम फिर्ता गरिनेछ ।

१८.४ संस्थाको तिर्न बाँकी जमानत बसेको भए सो रकम चुक्ता नभए सम्म शेयर तथा अन्य रकम फिर्ता गरिने छैन ।

## १९. शेयर सदस्यको दायित्व :

१९.१ सदस्यको दायित्व आफूले खरिद गरेको शेयर रकम सम्म मात्र सीमित रहनेछ ।

१९.२ सदस्यले राजीनामा दिएमा दिएको मिति देखि संस्थाप्रति दायित्व व्यहोर्नु पर्ने छैन ।

१९.३ संस्थाको विनियम र नीति, नियमको पालना गर्नु प्रत्येक सदस्यको दायित्व हुनेछ ।

॥ समाप्त ॥